विद्यालय कोड : ०४०४६०००८

# श्री जनता माध्यमिक विद्यालय

## झापा गाउँपालिका-६, शरणामती

पत्र संख्या :- ०१
स्थापना :- २०२९
चलानी नम्बर :- १२/०८३/०८४
मिति : २०८३/०५/०९

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस श्री जनता माध्यमिक विद्यालय, झापा गाउँपालिका-६, शरणामतीमा प्राथमिक तह, तृतीय श्रेणी शिक्षक पद संख्या-१ (एक) दरबन्दि मिति २०८३/०३/११ गतेदेखि रिक्त रहेको हुँदा विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०५/०९ गतेको निर्णय तथा शिक्षा, युवा तथा खेलकुद शाखा, झापा गाउँपालिकाको मिति २०८३/०५/०९ गतेको च.नं. ३४८ को अनुमति पत्रानुसार शिक्षा नियमावली ०५९ (दशौं संशोधन २०८३) को सरुवा सम्बन्धि व्यवस्था बमोजिम उक्त शिक्षक पदमा सरुवा प्रक्रियाबाट पुर्ति गर्नु पर्ने भएको हुँदा तोकिएको दरबन्दिमा सरुवाका लागि योग्य, इच्छुक स्थायी शिक्षकबाट यो सूचना प्रकाशित भएको मिति देखि १५ दिन भित्र कार्यालय समयमा सरुवा सहमतिका लागि अनुसूची १७ बमोजिमको ढाँचामा दरखास्त आह्वान गरिएको छ ।

**पेश गर्नुपर्ने कागजातहरु :**

१. सरुवाका लागि निवेदन
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
३. सेवा अवधि खुल्ने कागजातहरु ।
४. अस्थायी/स्थायी नियुक्तिपत्रको प्रतिलिपि ।
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रको प्रतिलिपि ।
६. यस अघि सरुवा भएका शिक्षकको हकमा सरुवा र रमाना पत्र ।
७. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा शुरु हाजिरी भएको कागजात ।
८. असाधारण तथा बेतलवी विदा लिए/नलिएको कागजात ।
९. सम्बन्धित विद्यालयको सहमति पत्र ।
१०. सम्बन्धित स्थानीय तहको सहमति पत्र ।
११. अन्तर जिल्ला सरुवा हुनेको हकमा सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइको सहमति पत्र ।
१२. शिक्षा नियमावली ०५९ (दशौं संशोधन ०८३) बमोजिम प्राथमिकता दावी गर्ने कागजात ।
१३. थप जानकारीका लागि सम्पर्क नम्वरहरु :- प्रधानाध्यापक : ९८०४९१५०३१
- परीक्षा तथा दर्ता फाँट : ९८०४९१८५९०(सुचना अधिकारी)- लेखाफाँट : ९८१४९९९०९४
- इमेल ठेगाना : janatamavi29@gmail.com (इमेलबाट पनि आवेदन दिन सकिनेछ)

१४. म्याद नाघि आएको र रित नपुगेको आवेदन मान्य हुने छैन ।

**बोधार्थ :**

१. श्री शिक्षा विकास तथा समन्वय इकाइ, झापा । (जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि)
२. श्री शिक्षा, युवा तथा खेलकुद शाखा, झापा गाउँपालिका । (जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि)
३. श्री वडा नं ६ को कार्यालय, झापा गाउँपालिका, झापा । (जानकारीका लागि)

प्रधानाध्यापक
.............................
प्रधानाध्यापक
सूर्य कान्त राउत
श्री जनता माध्यमिक विद्यालय, झापा गा.पा.-६, शरणामती